# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७३/०९/१७ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

-----------------------------------------------------

जिल्ला जनस्वास्थ्य कार्यालय, पर्सामा आ.व. २०६९/०७० र २०७०/०७१ मा संचालित विभिन्न कार्यक्रमहरुमा आर्थिक अनियमितता भएको, कार्य सम्पादन नगरी पैसा खर्च गरी आर्थिक घोटला समेत भएको भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा, जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका तत्कालिन प्रमुख ईन्द्र प्रसाद यादव, भण्डार शाखाका प्रमुख, खरिदार राजेश्वर प्रसाद, वैरियाविर्ता उप-स्वास्थ्य चौकीका ईन्चार्ज श्रीराम साह र झौवागुठी उप-स्वास्थ्य चौकीका ईन्चार्ज सोनालाल प्रसाद चौरासीया समेतको आपसी मिलेमतोमा विभिन्न मेडिकल हल/फार्मेसीको नाममा भुक्तानी गर्ने गराउने कार्यमा नक्कली तथा झुठ्ठा विल भरपाई, खरिद आदेश र दाखिला प्रतिवेदन फारम तयार गरी गराई सम्वन्धित मेडिकल हल/फार्मेसीहरुवाट खरिद नगरेको, विल विजक जारी नभएको र जारी भएको भनिएको विलका मालिकहरुलाई रकम नबुझाएको समेत देखीन आएकोले राष्ट्रसेवकहरु ईन्द्र प्रसाद यादव, राजेश्वर प्रसाद, श्रीराम साह र सोनालाल प्रसाद चौरासीयाले आपसी मिलेमतोमा आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने बदनियतले काम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) र दफा ८(१) को देहाय (ङ) बमोजिमको कसुर गरेको पुष्टी हुन आएको हुंदा उक्त कार्यमा संलग्न तपसिलमा उल्लेखित निम्न ४ जना व्यक्तिहरु उपर कसुरको मात्रा अनुसार कैद सजाय र बिगो बमोजिम जरिवाना हुन मागदावी लिई आज बिशेष अदालत काठमाण्डौंमा आरोप-पत्र दायर गरिएको छ ।

साथै अनुसन्धानकै क्रममा जिल्ला जनस्वास्थ्य कार्यालय, पर्साले रौतहट मेडिकल हल, वीरगंजसँग विभिन्न प्रकारका औषधीहरु खरीद गरेको सम्बन्धमा आन्तरिक राजश्व कार्यालय, पर्साको पत्रानुसार उक्त मेडिकल हल भ्याटमा दर्ता भएको नदेखीएकाले, यसरी नक्कली भ्याट विल बनाएको सम्बन्धमा आवश्यक छानविन जो जे गर्नु पर्ने हो गरी गराई प्रचलित कानून वमोजिम कारवाही गर्न गराउन र सो को जानकारी आयोगलाई उपलव्ध गराउन आन्तरिक राजश्व विभागलाई लेखी पठाईएको छ ।

| सि.नं | पद | नाम थर | कार्यालय | बिगो | ऐन |
|---|---|---|---|---|---|
| १. | तत्कालिन कार्यालय प्रमुख | ईन्द्र प्रसाद यादव | जिल्ला जनस्वास्थ्य कार्यालय,पर्सा | रु.३,९७,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| २. | उप-स्वास्थ्य चौकी ईन्चार्ज | श्रीराम साह | वैरियाविर्ता उप-स्वास्थ्य चौकी,पर्सा | रु.१,२५,००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ३. | उप-स्वास्थ्य चौकी ईन्चार्ज | सोनालाल प्रसाद चौरासीया | झौवागुठी उप-स्वास्थ्य चौकी,पर्सा | रु.१,२५,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |
| ४. | खरिदार(भण्डार शाखा प्रमुख) | राजेश्वरप्रसाद | जिल्ला जनस्वास्थ्य कार्यालय,पर्सा | रु.१,४७,०००/- | भ्रष्टचार निवारण ऐन,२०५९ को दफा ८(१) |




(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी